# वैतेश्वर गाउँपालिकाको नीति तथा कार्यक्रम २०८१।०८२

गाउँ सभाबाट स्वीकृत मितिः २०८१।०३।१०

## क. पुर्वाधार विकास सम्बन्धी नीति

१. समृद्ध वैतेश्वर निर्माणका लागि सबैको साथ वैतेश्वरको विकास गर्ने सोच तथा पूर्वाधारको विकास अगाडी बढाएर आर्थिक विकास एवं गुणस्तरीय जीवन निर्माणमा सहयोग पुर्याउने पालिकाको लक्ष्य तथा उद्धेश्य रहेको छ ।

२. वैतेश्वर गाउँपालिकाका सम्पुर्ण वडा कार्यालय जोड्ने सडकहरुलाई स्तरोन्नती गर्दै नाम्दु पाँडुडाँडा सडक कालोपत्रे गर्ने योजनालाई निरन्तरता दिइनेछ ।

३. पालिका भित्रका विभिन्न नदी, खोला, खहरे आदिबाट आवत जावत गर्न कठिनाई भएका ठाउँमा झोलुङ्गेपुल र सडक पुल निर्माण गर्न पहल गरिनेछ ।

४. भौतिक पूर्वाधार तर्फका योजना तर्जुमा गर्दा मागमा आधारित आवश्यता र औचित्य पुष्टी हुने खालका योजना छनौट गरिनेछ । साथै टुक्रे योजना छनौट गर्ने कामलाई निरुत्साहित गरिनेछ ।

५. पूर्वाधार विकासका कार्यलाई संचालन गर्दा विपद जोखिम संवेदनशिलतालाई सघाउ पुर्याउन प्राविधिक परिचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

६. वैकल्पिक उर्जाको प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

### वन, वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी

१. जलवायु परिवर्तनको असर न्यूनिकरण गर्न दिगो पर्यावरणीय प्रणाली अनुकुल दिगो विकासका लक्ष्य प्राप्तिका लागि देशले अंगिकार गरेका सुचकहरुमा बढोत्तरी ल्याउन आवश्यक बजेट व्यवस्था गरिनेछ ।

२. सबै सामुदायिक वनको संरक्षणका लागि आवश्यक समन्वय गरिनेछ । वातावरण प्रदुषित हुन नदिन शहरउन्मुख वस्तीहरुमा फोहोरमैलाको उचित व्यवस्थापन गरिनेछ। पालिका भित्रका सवै घरमा शौचालय निर्माण गर्न प्रोत्साहन गरिनेछ.।

## ख. सामाजिक तथा साँस्कृतिक विकास सम्बन्धी नीति

### स्वास्थ्य सम्बन्धी

१. प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराई पालिकालाई पूर्ण खोपयुक्त सुनिश्चितता घोषणा गरिने छ ।

२. परिवार स्वास्थ्य वीमा कार्यक्रम सबै नागरिकहरुलाई आवद्ध गराउन थप प्रोत्साहन गरिने छ ।

३. बर्थिङ सेन्टरहरुमा सुत्केरी हुने अनुपातलाई बढाउँदै क्रमश जिरो होम डेलिभरी पालिका घोषणा गरिनेछ ।

छवि लामा
अध्यक्ष

४. पालिकाबाट संचालन भएको वैतेश्वर अस्पताल तथा अन्य स्वास्थ्य संस्थाहरुको सेवालाई समय अनुकुल स्तरोन्नती गर्रिदै लगिनेछ । साथै स्वास्थ्य तर्फ भौतिक पूर्वाधार निर्माण र मानव संशाधन विकासमा विशेष जोड दिइनेछ ।

## शिक्षा सम्बन्धी

१. पालिका भित्र रहेका बालविकास केन्द्र सहयोगी कार्यकर्ताहरुलाई प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ । साथै सामुदायिक विद्यालय र स्नातक कक्षा संचालन भएका क्याम्पसहरुलाई पूर्वाधार विकासका लागि गर्रिदै आएको सहयोगलाई निरन्तरता दिइनेछ।
२. शैक्षिक सत्र २०८१ लाई शैक्षिक सबलीकरण वर्षको रुपमा मनाइने छ ।
३. पालिकाका विभिन्न शिक्षालयहरुलाई प्रभावकारी र गुणस्तरीय शिक्षा प्रवाह गर्न प्रोत्साहन गरिनेछ ।
४. सार्वजनिक पदधारण गर्ने व्यक्तिहरुका छोराछोरीलाई सामुदायिक विद्यालयमा पठनपाठन गराउनु पर्ने पालिकाको नीति अवलम्बन गरिनेछ । त्यस्तै विद्यार्थी सिकाइ उपलब्धिका आधारमा विद्यालयलाई पुरस्कृत गर्दे लगिने छ । साथै सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीहरुलाई पुरस्कृत गरिने नीति लिइनेछ ।
५. गाउँपालिका भित्रका शैक्षिक संस्थाहरुमा दण्डरहीत शैक्षिक वातावरण कायम गर्ने नीति ल्याइनेछ ।
६. शैक्षिक संस्थाहरुमा सूचना प्रविधिमैत्री शिक्षण सिकाई कार्य गर्न आवश्यक प्रबन्ध मिलाइनेछ।
७. वैतेश्वर गाउँपालिकाको आफ्नै श्रोतबाट आगामी आ.व.२०८१-०८२ देखि दिवा खाजाको कार्यक्रमलाई कक्षा ६ देखि ८ सम्म विस्तार गरिनेछ ।

## युवा तथा खेलकुद सम्बन्धी

१. गाउँपालिका स्तरीय अध्यक्ष कप साथै राष्ट्रपति रनिङ शिल्ड र अन्य खेलकुद प्रतियोगितामा विद्यार्थीलाई सहभागी गराउन प्रोत्साहित गरिने छ । साथै समुदायमा रहेका यूवा खेलाडीहरुलाई खेलकुद प्रति आकर्षित पारिनेछ । खेलकुद विकासका लागि खेलकुद प्रशिक्षकको व्यवस्था गरिनेछ ।
२. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन गाउँपालिकाबाट लागत साझेदारी गरि EMIS मा प्रविष्ट भएका सूचिकृत बेरोजगारी व्यक्तिहरुलाई प्राथमिकिकरणको आधारमा न्युनतम १०० दिन बराबरको रोजगार उपलब्ध गराई सिप तथा क्षमता अभिवृद्धि कार्यक्रम अगाडी बढाइनेछ । साथै वैतेश्वर गाउँपालिकामा वैतेश्वर रोजगार कार्यक्रम संचालन गरी छुटेका बेराजगारीहरुलाई रोजगार प्रदान गर्ने नीति लिइनेछ ।
३. श्रम शक्तिमा उच्च सहभागिता जनाउन समुदायका व्यक्तिहरुलाई आावश्यक सीपमूलक तालिमको व्यवस्था मिलाइनेछ ।

## महिला, बालबालिका, अपाङ्ग, दलित तथा जेष्ठ नागरिक सम्बन्धी

१. गाउँपालिकामा संचालन हुने प्रत्येक क्रियाकलापमा महिला सहभागितालाई प्राथमिकता दिइनेछ । महिलाको नाममा कुनै व्यवसाय, उद्योग दर्ता गर्दा ७० प्रतिशत छुट दिइने व्यवस्था मिलाइनेछ ।

छवि लामा
अध्यक्ष

२. गाउँपालिकाको वडामा संचालन हुने योजनाहरुमा महिला मात्रको सहभागिता र अगुवाइमा संचालन गरिने व्यवस्था मिलाइनेछ ।

३. आर्थिक, सामाजिक रुपले विपन्न महिलाहरुको उत्थान सशक्तिकरण एवं क्षमता विकासको लागि विभिन्न सिपमुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

४. "**आसनमा महिला, भाषण महिला र शासनमा महिला**" भन्ने नारालाई स्थापित गराउन लैङ्गिक समानता र समावेशी अधिकारका लागि महिला लक्षित कार्यक्रम संचालन गरिनेछ।

५. लैंगीक हिंसा न्यूनीकरणमा जोड दिइनेछ । बालवालिकाको प्रतिभा प्रस्फुटन गर्ने कार्यक्रम ल्याइनेछ । साथै बालमैत्री स्थानीय शासन घोषणा गर्ने नीति अबलम्बन गरिनेछ ।

६. जेष्ठ नागरिक, अपाङ्ग, असहाय नागरिकहरुलाई सामाजिक सुरक्षा तथा संरक्षणको प्रत्याभूति दिलाईनेछ ।

७. ३५ दिनभित्र घटेका व्यक्तिगत घटना दर्ता गर्नेलाई प्रोत्साहन गर्ने नीति ल्याइनेछ ।

८. गाउँपालिकाको विकास प्रक्रिया एवं जिज्ञासा सुन्न र बुझ्न गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षसँग बालबालिका कार्यक्रम संचालन गरिनेछ ।

९. गाउँपालिकाले सुरुवात गरेको जोखिममा परेका बालबालिकाहरुको लागि बाल संरक्षण कोष स्थापना र संचालन कार्यलाई निरन्तरता दिँदै अक्षय कोष मार्फत विपन्न रहेका बालबालिकालाई आर्थिक सहायता प्रदान गर्ने, अवसर पहुँच र शक्तिको मुल प्रवाहीकरणमा अग्रसर गरिने नीति अबलम्बन गरिनेछ ।

१०. बालबालिकाहरुको आधारभूत आवश्यकताहरुको प्रत्याभूती गराउन बालबालिका लक्षित कार्यक्रम संचालन गरिनेछ ।

११. बाल बिवाह अन्त्य, लागु औषध नियन्त्रण, बाल अधिकार, मानव अधिकार, नागरिक शिक्षा जस्ता विषयहरुमा  गाउँपालिका स्तरीय बाल सञ्जाल मार्फत बालबालिका सचेतना कार्यक्रमहरु संचालन गर्न प्रोत्साहित गरिनेछ ।

१२. बाल बिवाह न्युनिकरण गर्नका लागि नीतिको अबलम्बन गरिनेछ ।

१३. बैंक, प्रहरी तथा वडा कार्यालयको समन्वय र सहयोगमा सामाजिक सुरक्षा भत्तालाई वडास्तरमा नै अभियानका रुपमा वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१४. गाउँपालिकाको अन्तर्गतका सम्पूर्ण कार्यालयहरुमा अपाङ्गमैत्री सेवा प्रवाहको सुनिश्चितता गरिनेछ । साथै तोकिए बाहेक गाउँपालिकाबाट प्रदान गरिने अन्य सबै सेवाहरु निःशुल्क प्रदान गरिनेछ ।

१५. अपाङ्गता परिचयपत्र वितरण कार्यलाई नियमित र प्रभावकारी बनाउदै लगिनेछ ।

<u>सामाजिक मेलमिलाप तथा न्याय निरुपण सम्बन्धी</u>

१. विभेदरहित शान्त सुरक्षित समाजको निर्माणमा न्यायिक समितिको सक्रियता बढाइनेछ । साथै न्याय निरुपण ग्रामिण तहसम्म पुर्याउने व्यवस्था मिलाइनेछ ।

२. मेलमिलापकर्ता तथा न्यायिक समितिको क्षमता विकासका लागि गोष्ठी तथा तालिमको व्यवस्था गरिने छ ।

३. न्यायिक समिति तथा मेलमिलापकर्ताहरुको सिप आदान प्रदान गर्नका लागि भ्रमणको व्यवस्था गरिनेछ ।

छवि लामा
अध्यक्ष

## पर्यटन तथा संस्कृति प्रवर्द्धन सम्बन्धी

१. पालिका भित्रका मनोरम स्थलहरुमा आन्तरीक तथा वाह्य पर्यटक भित्र्याउनका लागि पर्यटकीय स्थलहरुको प्रचार प्रसार र प्रर्वद्धन गरिनेछ । साथै विभिन्न स्थानमा पार्क, पिकिनिक स्पोर्ट, होमस्टे बनाउन समुदायलाई प्रोत्साहन गरिनेछ।
२. पालिकाले पहिचान गरेका ऐतिहासिक धरोहरहरुको तथा पर्यटकीय क्षेत्रको प्रवद्र्धनका लागि वृत चित्र तथा अन्य प्रचारात्मक सामाग्री तयार गरि पर्यटकलाई आकर्षण गर्ने कार्यक्रम ल्याइनेछ ।
३. धार्मिक तथा पर्यटकीय स्थलहरुमा फ्रि वाइफाइ जडान कार्यको थालनी गरिनेछ।
४. स्थानीय स्तरको उत्पादनलाई बजारीकरण तथा व्यवस्थापन गर्न उधोग स्थापना गर्नेलाई गाउँपालिकाको तर्फबाट प्रोत्साहन गरिनेछ ।

## खानेपानी तथा सरसफाई सम्बन्धी

१. वैतेश्वर गाउँपालिका भित्रका नागरिकहरुलाई स्वच्छ खानेपानीको व्यवस्था साथै एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

# ग. आर्थिक विकास सम्बन्धी नीति

## कृषि तथा पशु विकास सम्बन्धी

१. कृषि क्षेत्रमा आधुनिकिकरण तथा प्रविधिमैत्री बनाउँदै कृषकहरुलाई व्यवसायिक कृषिमा प्रोत्साहन गरिनेछ । वैतेश्वर वासीलाई सुखी, खुसी र समृद्ध बनाउन कृषकमुखी योजनालाई अघि बढाइने छ । साथै एक वडा एक उत्पादन कार्यलाई लागु गर्ने नीति लिइनेछ ।
२. खेतियोग्य जमिनको उर्वराशक्तिको सुधार गर्नका लागि माटो परिक्षणको आधारमा अम्लिय भएका जमिनमा कृषि चुनको प्रयोगका लागि किसानहरुलाई प्रेरित गरिनेछ ।
३. किवी,आलु, तरकारी र अन्य खाद्यान्न बालीको उत्पादनमा वृद्धि ल्याउन आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ
४. बढ्दो तापक्रम र बदलिदो मौसमलाई मध्यनजर गर्दै सम्भावित क्षेत्रमा चैते धान खेतिको परिक्षण गरिनेछ । साथै बाझो जग्गालाई पुनःखेतियोग्य तर्फ रुपान्तरण गर्न प्रोत्साहन गरिनेछ ।
५. एकिकृत शत्रुजिव व्यवस्थापन तर्फ किसानहरुलाई अग्रसर गराईनेछ र रासायनिक विषादीको प्रयोगलाई नियमन गरिनेछ ।
६. **हाम्रो कृषि– हाम्रो गौरव** भन्ने नाराका साथ माटो परिक्षणका आधारमा सम्भाव्यता हेरी आवश्यक स्थानमा फलफुल तथा खाधान्न वालीको बिउ, विरुवा, विषादी वितरण गर्दै कृषि उपज उत्पादनमा पालिकालाई आत्मानिर्भर बनाउँदै लगिनेछ ।
७. कृत्रिम गर्भाधानको माध्यमबाट नश्ल सुधार गरी माशु तथा दूध उत्पादनमा वृद्धि गरिने छ।
८. एक वडा एक प्राविधिक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
९. छाँडा कुकुरहरुलाई विभिन्न निकायहरुसँग समन्वय गरी स्पेइड र क्यास्टेशन गरी संख्या नियन्त्रण गरिने छ ।
१०. कुकुर तथा बिरालोलाई बार्षिकरुपमा रेबिज बिरुद्ध खोप कार्यक्रम सञ्चालन कार्यलाई निरन्तरता दिइनेछ ।

छवि लामा
अध्यक्ष

११.माहामारी पशुरोग फैलिएका बखत आपतकालिन उपचारको ब्यबस्था मिलाई उपचार गरिने छ ।

१२.युवा स्वरोजगार कार्यक्रमबाट युवाहरुलाई स्वदेशमै रोजगार श्रृजना गरिने छ । पशु पालन गर्न इच्छुक कृषकहरुलाई गाउँपालिकाबाट लागत साझेदारी गर्ने नीति अवलम्बन गरिनेछ।

१३.एकल महिला लक्षित बाख्रा पालन कार्यक्रमबाट एकल महिलाको आँत्म सम्मान वृद्धि गरिने छ ।

१४.दूध उत्पादनलाई अझ सुदृढ गर्न उत्पादनमा आधारित अनुदान स्वरुप दिइदै आएको अनुदानलाई निरन्तरता दिइनेछ । उक्त कार्यक्रम गाउँपालिका भरि विस्तार गरिनेछ ।

१५.कृषकहरुलाई विभिन्न बिषयमा छोटो अबधिको तालिम सञ्चालन गरी व्यबसायिक सीप प्रदान गरिने छ ।

१६.पशु तथा पशुजन्य उत्पादन पैठारी गर्दा अनिवार्यरुपमा भेटेरिनरी प्रमाण पत्र हुनु पर्ने ब्यबस्था गरी रोग भित्रिनबाट पशु पन्छीलाई बचाइने छ ।

१७.पशुपन्छी बिमा कार्यक्रम सञ्चालन गरी जोखिम न्यूनिकरण गरिने छ ।

१८.गाउँपालिकामा पशुपन्छीको परिक्षण गर्ने प्रयोगशालाको स्थापना गरिने छ ।

१९.गाउँपालिकाभित्र बादर नियन्त्रण कार्यलाई प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

२०.एक विद्यालय एक प्राविधिक धार भन्ने नीतिलाई भेटेरीनरी बाली विज्ञान लगायत क्षेत्रलाई प्रोत्साहन गर्ने नीति अबलम्बन गरिनेछ ।

<u>सहकारी तथा वित्तिय व्यवस्थापन सम्बन्धी</u>

१. गाउँपालिकाको सबै व्यवसायी,उद्योगी, व्यापारी एवं सेवा प्रदायकलाई तोकिएको करको दायरामा ल्याइनेछ ।

२. गाउँपालिका कार्यालय र वडा कार्यालय मार्फत हुने राजश्व संकलन नियमित र थप व्यवस्थित गरिनेछ ।

३. राजश्वका स्रोत दायरा र दर विश्लेषण गरि पालिकाको आन्तरिक स्रोत वृद्धि गर्ने उपायहरुको खोजि गरिनेछ ।

४. सहकारी ऐन संशोधन एवं नियमावली तथा कार्यविधिको निर्माण गरी सहकारी संस्थाहरुलाई नियम- कानूनको परिधिभित्र ल्याइ सुशासन कायम गरिनेछ ।

५. समान प्रकृतिका सहकारीहरुलाई एकिकरणमा जान प्रेरित गरी गुणस्तरीय सेवा प्रवाहमा प्रोत्साहन गरिनेछ ।

६. सहकारीमा सबै नागरिकहरुको पहुँच पुर्याई कृषिमा योगदान पुर्याउने सहकारीलाई प्राथमिकिकरण गरिनेछ ।

७. सहकारी संस्था र वैतेश्वर गाउँपालिका बिचको सम्बन्धलाई प्रभावकारी बनाई नियमनकारी भूमिका निर्वाह गरिनेछ ।

छवि लामा
अध्यक्ष

## घ. संस्थागत विकास, सेवा प्रवाह र सुशासन सम्बन्धी नीति

१. कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

२. सबै कर्मचारीहरुको सेवा सुविधालाई कानून सम्बत बनाई मनोबल उच्च पारिनेछ ।

३. सेवा निवृत कर्मचारीहरुलाई नेपाल सरकारको मापदण्ड बमोजिम अवकास सुविधा प्रदान गरिनेछ ।

४. कर्मचारीलाई प्रोत्साहनको लागि पुरस्कारको व्यवस्था गरिने नीति लिइनेछ।

५. गाउँपालिका र अन्तर्गतका कार्यालयहरुको कामकाज र सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग र क्षमतालाई स्तरोन्नती गर्दै सरकारको पेपरलेस अवधारणालाई आत्मसाथ गरिनेछ।

६. गाउँपालिका र अन्तर्गतका कार्यालयहरुको कामकाज र सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग र क्षमतालाई स्तरोन्नती गर्दै सरकारको पेपरलेस अवधारणालाई आत्मसाथ गरिनेछ।

७. सार्वजनिक स्थान, वजार क्षेत्र, बिद्यालय, स्वास्थ्य संस्थाहरुमा सुरक्षा र निगरानीको लागि सिसिटिभि जडान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

८. समुदायस्तरमा डिजिटल साक्षरता सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ।

९. सूचना तथा संचार प्रविधिको प्रयोगमा आम नागरिकको पहुँच अभिवृद्दि गरिनेछ साथै शिक्षा, स्वास्थ्य, विकास निर्माण र सेवा प्रवाह लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ ।

१०. गाउँपालिकाबाट प्रवाह गरिने सेवा सुविधाहरुलाई विद्युत्तीय प्रणालीबाट प्रवाह गर्ने व्यवस्था गरि थप प्रभावकारी बनाउदै लगिनेछ ।

११. गाउँपालिकाभित्रका सार्वजनिक, धार्मिक तथा पर्यटकीय महत्वका स्थानहरुमा सोलार बत्तीको जडान कार्यलाई निरन्तरता दिँदै रात्रिकालिन अपराधलाई न्यूनिकरण गर्ने कार्यक्रम संचालन गरिनेछ ।

छवि लामा
अध्यक्ष